# सबैला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सबैला, धनुषा

मधेश प्रदेश, नेपाल

पत्र संख्याः-

चलानी नं.:-

मितिः................................

**विषयः-** **शुभकामना**

संविधान सभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको यस ऐतिहासिक दिन तथा राष्ट्रिय दिवसको शुभ अवसरमा सबैला नगरपालिका एवम् स्वदेश तथा बिदेशमा रहनुभएका सम्पुर्ण नेपाली बुवाआमा, दिदिबहिनी तथा दाजुभाईहरुमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु । यस अवसरमा विभिन्न कालखण्डमा नेपालको स्वतन्त्रता, राष्ट्रियता, राष्ट्रिय एकता, स्वाधिनता, शान्ति र लोकतन्त्रका लागि भएका आन्दोलन तथा संघर्षहरुमा आफ्नो जीवनको उत्सर्ग गर्नुहुने सम्पुर्ण शहिदहरु प्रति उच्च सम्मान गर्दै भावपुर्ण श्रद्धासुमन अर्पण गर्दछु ।

नागरिकको अधिकार प्रवर्द्धन तथा शासनको अधिकारको सीमाङ्कन गर्ने ज्यावलाको रुपमा लिएको संविधान देशको मुल कानुन हो । नेपालको वर्तमान संविधान जनताका प्रतिनिधि मार्फत निर्माण गरिएको ऐतिहासिक संविधान हो । यसले जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिग मताधिकार, आवधिक निर्वाचन, पुर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निश्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मुल्य र मान्यतामा अंगिकार गरेको छ । यसले संघीय लोकतान्त्रिक गणतन्त्रातमक शासन व्यवस्थाको माध्यमद्धारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लिएको छ ।

संघ्यातमक राज्य व्यवस्था अनुरुप ३ तहको सरकार संघ, प्रदेश, स्थानीयबीचको सम्बन्ध सहकार्यता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित रहेको छ । स्थानीय तह जनताको आफ्नो सरकार (People's Own Government) को रुपमा लिएको छ । वर्तमान संविधानले लिएको समावेशी, लोकतान्त्रिक, समाजवादउन्मुख, संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको कार्यान्वयनको लक्ष्यबाट नै समृद्धि, सुशासन र दिगो शान्ति कायम गर्न सकिन्छ । तर संविधानमा नागरिक्ता सम्बन्धी अधिकारको पुर्ण व्यवस्था हुदाहुदै कुनै दल विशेषको प्रभावमा नागरिक्ता विधेयक रोकिएकोले हाम्रो पुर्ण असंतुष्टि छ । यस विषयमा नागरिक समाज, राजनितिदल, बुद्धिजिवि लगायत सरोकारवालाहरुको समयमा ध्यानाकर्षणको लागी अनुरोध गर्दछु ।

अन्त्यमा संविधान दिवस २०७९ को यस पावन अवसरमा नेपालको संविधानले व्यवस्था गरे अनुरुप स्थानीय सरकारको अधिकार र कर्तव्यको पुर्ण पालना र कार्यान्वय गर्ने, "सुन्दर र समृद्धः सबैला नगर" निर्माण गर्ने प्रतिवद्धताका साथै संविधानले व्यवस्था गरेको मौलिक हक तथा अधिकारहरुमा जनताको पहुँच पुग्ने विश्वास व्यक्त गर्दै पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु ।

३ असोज, २०७९

कारीराम यादव

नगर प्रमुख

कारीराम यादव

नगर प्रमुख